नेपाली / *NEPALI*

WISCONSIN
UNIVERSITY OF WISCONSIN–MADISON

जुन २१, २०२२

## *UW–Madison* ले २०२२-२०२३ सालको तलब रणनीति लागु गर्ने तयारीमा छ

*UW–Madison* नेतृत्वले आर्थिक वर्ष २०२२–२०२३ को तलब रणनीतिको स्वीकृति गरेको छ। यो रणनीतिले *UW* कर्मचारी र संकायलाई समर्थन गर्ने बजार-प्रतिस्पर्धी रोजगारदाता हुने विश्वविद्यालयको कुल तलब सिद्धान्तलाई *(Total Compensation Philosophy)* समर्थन गर्नेछ।

यस तलब रणनीतिमा स्कूल, कलेज र विभागहरूलाई संकाय र कर्मचारीहरूलाई पुरस्कृत गरेर कायम राख्नका साथसाथै कार्य शीर्षक र कुल तलब *(TTC )*परियोजनाद्वारा खुलासा गरिएका तलब समस्याहरूलाई सम्बोधन गर्न सहयोग गर्न $२८ मिलियन डलर भन्दा बढीको विनियोजन समावेश छ।

हालको *UW–Madison* विश्वविद्यालयका कर्मचारीहरूको न्यूनतम ज्याला जुलाई २०२२ मा प्रति घण्टा $१५ बाट $१७ प्रति घण्टामा बढ्नेछ। अरू बजार-सूचित तलब समायोजनमा सबैभन्दा कम तलब भएका कर्मचारीहरूका तलब भिन्नता सम्बोधन गर्ने; विशिष्ट कर्मचारीहरूलाई अवधारण समायोजन प्रदान गर्ने र वहाँहरूको *TTC* तलब श्रेणी, बजार बदलहरू र बाह्य भर्ती विचारहरूको समीक्षाको आधारमा शैक्षिक कर्मचारीहरू, विश्वविद्यालयका कर्मचारीहरू र सीमित नियुक्तिहरूलाई छनोट गर्न बजार समायोजन गर्ने कुराहरू समावेश छन्।

२०२१-२०२२ सालमा जस्तै प्रतिस्पर्धी रहन विश्वविद्यालयले कर्मचारी र संकायहरू बीचको असाधारण कार्यसम्पादनलाई मान्यता दिन तलब कार्यक्रमहरू पनि प्रदान गर्नेछ। तलब कार्यक्रमहरूमा कर्मचारी र संकायका लागि बोनस कार्यक्रम, वैकल्पिक तलब कोष *(discretionary compensation fund)* र संकाय निर्धारित अनुदान *(block grant)* समावेश हुनेछन्।

सबै कार्यक्रमहरूको कार्यान्वयन २०२२ साल अन्त्य हुनु अघि पूरा गरिनुपर्दछ। थप विवरणहरू उपलब्ध हुने बित्तिकै विश्वविद्यालय समुदायलाई सूचना प्रदान गरिनेछ।